"धनकुटा नगर : स्वच्छ सुन्दर समुन्नत शहर"

# धनकुटा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## धनकुटा
## १ नं. प्रदेश, नेपाल

फोन: ०२६-५२०११९,

पत्र संख्या : २०७५।७६
चलानी नं.

मिति : २०७५।४।०३

**विषय : मेलमिलापकर्ताको सूचीमा दर्ता हुने सम्बन्धी सूचना ।**

सूचना ! सूचना !! सूचना !!

प्रस्तुत विषयमा धनकुटा नगरपालिका न्यायिक समितिको निर्णयानुसार समिति अन्तरगत रहेको मेलमिलाप केन्द्रमा मेलमिलाप सम्बन्धी कार्य गर्नको लागि धनकुटा नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५ दफा ५९ बमोजिम देहायका योग्यता पुगेका इच्छुक महानुभावहरुलाई सूचना प्रकासित भएको मितिले ३० (तीस) भित्रमा यस नगरपालिकाको मेलमिलापकर्ताको सूचीमा सूचीकृत हुन सम्बन्धित सवैको जानकारीको लागि यो सूच प्रकासित गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**मेलमिलापकर्ताको सूचीमा दर्ता हुनका लागि आवश्यक पर्ने न्यूनतम आधारहरु :**

१. कम्तीमा माध्यमिक तह उत्तिर्ण गरेको,
२. कुनै राजनैतिक दल प्रति आस्था राखी राजनितिमा सकृय नरहेको,
३. स्थानीयस्तरमा समाजसेवीको रुपमा पहिचान बनाएको,
४. मेलमिलापकर्ताको ४८ घण्टा तालिम लिई मेलमिलापकर्ताको कार्य गर्दै आएको,
५. २५ बर्ष उमेर पुरा भएको,

**मेलमिलापकर्ताले पेश गर्नु पर्ने आवश्यक कागजातहरु :**

१. नेपाली नागरिकता प्रमाणपत्रको छाँयाकपी,
२. कम्तीमा एस.एल.सी. उत्तिर्ण गरेको शैक्षिक प्रमाणपत्रको छाँयाकपी,
३. मेलमिलापकर्ताको तालिम प्राप्त गरेको प्रमाणपत्रको छाँयाकपी,
४. मेलमिलापकर्ताको अनुभव भएमा सोको प्रमाणपत्र,
५. व्यक्तिगत विवरण (Bio-data)
६. पासपोर्ट साईजको फोटो दुई प्रति

**नोट :** १. माथि जुनसुकै कुरा लेखिएको भएता पनि तालिम लिई हाल मेलमिलापकर्ताको काम गरिरहेकाको हकमा निजल निरन्तरता हुने गरी सूचीकृत गर्न सकिने ।
२. निवेदन फारामको लागि धनकुटा नगर कार्यपालिकाको कार्यालय प्रशासन शाखामा सम्पर्क राखी फाराम भरी आवश्यक कागजात सहित उक्त शाखामा निवेदन पेश गर्नु पर्नेछ ।
३. थप जानकारीको लागि फोन नम्बर : ०२६-५२०१४३

.....................
(डम्बर रोगु)
प्रशासकिय अधिकृत

## अनुसूची –११

(दफा ६०को उपदफा ३ सँग सम्बन्धित )

# न्यायिक समिति धनकुटा नगरपालिका समक्ष पेश गरेको निवेदन

फोटो

विषयः मेलमिलापकर्तामा सूचीकृत हुन पाउँ ।

प्रस्तुत विषयमा तपसिलमा उल्लेखित कागजातहरुको प्रतिलिपी साथै राखी तहाँ कार्यालयबाट मिति २०७५।४।३ गते प्रकासित सूचना अनुसार धनकुटा नगरपालिकाको न्यायिक समिति अन्तर्गत धनकुटा नगरपालिकाको मेलमिलाप केन्द्रमा सूचीकृत भई मेलमिलाप गराउन अनुमती पाउँ भनी निवेदन गर्दछु ।

तपसिल

१) नागरिकता प्रमाणपत्रको छाँयाकपी,

२) कम्तीमा एस.एल.सी. उतिर्ण गरेको शैक्षिक प्रमाणपत्रको छाँयाकपी,

३) मेलमिलापकर्ताको तालिम प्राप्त गरेको प्रमाणपत्रको छायाँकपी,

४) मेलमिलाप सम्बन्धी अनुभव र

५) व्यत्तिगत विवरण (Bio- data)

६) पासपोर्ट साईजको फोटो दुई प्रति

निवेदक

नाम थरः ...........

ठेगाना :

दस्तखतः ...........

मोवाईल नम्बर :.........................